बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
# व्यावसायिक तथा सीप विकास तालिम केन्द्र
हेटौंडा, नेपाल


पत्र सङ्ख्या: २०७९/०८०
चलानी नम्बर: १३८

मिति: २०७९/०९/१९

विषय: आवासीय महिला सीप विकास तालिम सम्बन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय
रसुवा

उपरोक्त सम्बन्धमा यस केन्द्रको आ.व. २०७९/०८० को बार्षिक कार्यक्रम अनुसार यही मिति **२०७९ माघ १० गते देखी असार** सम्म संचालन हुने आवासीय महिला सीप विकास ६ महिने (७३० कार्य घण्टा) को निःशुल्क (कटाई सिलाई , कुशन बनाउने, वेसिक कुक र अन्य व्यवसायिक सीप) तालिममा सहभागी हुन बागमती प्रदेश अन्तर्गतका जिल्लाहरुमा बसोबास गर्ने नेपाली नागरिकता प्राप्त कम्तीमा ५ कक्षा उतीर्ण ईच्छुक १६ वर्ष देखी ४० वर्ष सम्मको उमेर समुहका गरिब/विपन्न, दलित, विस्थापित, द्वन्द पिडित, शहिद तथा घाइते परिवार, महिला/एकल महिला, घरेलु हिंसा पिडित, पिछडिएको समुदाय, **ग्रामीण भेगका महिलाहरु** बाट छनौट गरी सम्बन्धित व्यक्तिको अभिभावकको मन्जुरीनामा, नागरिकता र सम्बन्धित व्यक्तिको स्थाई बसोबास भएको पालिका/वडा कार्यालयबाट प्रमाणित कागजात साथ तालिम सिक्न ईच्छुक २ (दुई) **जना महिला** मात्र आवासीय सीप विकास तालिममा तहाँको सिफारिस पत्र सहित यस व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौडा-८ कमाने, मकवानपुरमा **मिति २०७९/१०/९ गते** सोमबारका दिन आईपुग्ने गरी सहभागी प्रशिक्षार्थी उपलब्ध गराई सहयोग गरी दिनु हुन सादर अनुरोध छ ।

पुनश्चः उक्त तालिममा समावेश हुने महिला प्रशिक्षार्थीहरु द्वारा पालना गर्नु पर्ने शर्त एवं सुविधाहरुको विवरण पाना, १ (एक) यसै साथ संलग्न छ साथै तालिम प्रारम्भ भएको मितिले ३ दिन पछि आउनेलाई तालिममा समावेश गर्न नसकिने व्यहोरा समेत जानकारीको लागी अनुरोध छ ।

(सम्पर्कको लागीः आवासिय महिला सीप विकास तालिम
प्रशिक्षकः सम्बिका गुरुङ्ग मोः नं. ९८६४८४८३६९)

(डोर बहादुर खड्का)
नि. केन्द्र प्रमुख

बोधार्थः
श्री श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौडा, मकवानपुर, नेपाल ।

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
व्यावसायिक तथा सीप विकास तालिम केन्द्र
हेटौंडा, नेपाल

## आवासीय तालिमका सहभागी प्रशिक्षार्थीहरुले पालना गर्नुपर्ने शर्त एवं सुविधाहरु

१ आवासमा बस्दा नि:शुल्क तालिमका साथै खाना बस्न र साधारण प्राथमिक औषधी उपचारको व्यवस्था मात्र उपलब्ध हुनेछ ।
२ प्रशिक्षार्थीहरुलाईं मात्र एक पटक आ-आफनो जिल्ला सदरमूकामबाट तालिम केन्द्रसम्म आउन जान लाग्ने बस भाडा तालिम सम्पन्न भएपछि मात्र उपलब्ध गराईनेछ ।
३ प्रशिक्षार्थीहरुको आर्थिक अवस्था कमजोर भई सुविधा नपाएका हुनु पर्नेछ ।
४ प्रशिक्षार्थी अनिवार्य रुपमा साक्षर हुनूका साथै नेपाली नागरिक हुनु पर्नेछ ।
५ प्रशिक्षार्थी स्वस्थ हुनू पर्ने र अस्वस्थलाई तालिममा समावेस गरिने छैन साथै तालिम अवधिमा अस्वस्थ भई तालिम लिन नसकेमा फिर्ता पठाईनेछ । त्यसको जिम्मा अभिभावकले लिनु पर्नेछ ।
६ प्रशिक्षार्थीको उमेर १६ वर्ष देखी ४० वर्ष भित्रको हुनु पर्नेछ ।
७ घरमुली, गर्भवती र दुधखाने बच्चाको आमालाई तालिममा समावेश गराईने छैन र अविवाहितलाई वढी प्राथमिकता दिईनेछ ।
८ दशै र तिहारको विदामा प्रशिक्षार्थीहरुलाई अविभावकले अनिवार्य रुपमा आफ्नै खर्चमा लैजाने र विदा सकिएपछि केन्द्रमा पऱ्याउनु पर्नेछ ।
९ तालिममा भर्ना हूदां र समाप्त भएपछि प्रशिक्षार्थीहरुको अभिभावकले प्रशिक्षार्थीलाई अनिवार्य रुपमा पूऱ्याउन र लिन आउनु पर्नेछ ।
१० प्रशिक्षार्थीहरुलाइ भेट्न आउदा स्थानीय अभिभावकहरुले विदाको दिन विहान १०.००बजे देखि बेलुका ५.०० बजे सम्म मात्र भेट्न पाउनेछ तर वाहिर जिल्लावाट आउने अभिभावक्लाई यो नियम लागु हुने छैन ।
११ प्रशिक्षार्थीका अभिभावकहरुले भेट्न मात्र पाउने तर बस्ने र खाने व्यवस्था नभएको ।
१२ प्रशिक्षार्थीहरु भर्ना हूंदा गाउंपालिका/नगरपालीका/उपमहानगरपालीका/महानगरपालीका कार्यालयको प्रमाणित कागजात अभिभावकको मन्जुरीनामा,नागरिकता,फोटो र सम्वन्धित निकायको सिफारिस पत्र हुनु पर्नेछ ।
१३ तालिम अवधिसम्म प्रशिक्षार्थीहरु अनुशासित भएर बस्नु पर्नेछ र अनुशासनहिन प्रशिक्षार्थीलाई कुनै पनि वेला निष्कासित गर्न सकिने छ ।
१४ छात्रवासमा वस्दा झगडा गर्ने, चोरी गर्ने, अनावश्यक कार्य गर्ने र आफनो पालोको काम नगर्नेलाई तालिमवाट कुनै पनि वेला निष्काशित गर्न सकिने छ ।
१५ प्रशिक्षार्थीहरु तालीम अवधिमा यस केन्द्रको छात्रवासबाट भागेमा यो केन्द्र जवाफदेही हुने छैन ।
१६ तालिम अवधिमा कुनै प्रशिक्षार्थीले तालिम कार्यक्रममा समावेश भईसकेपछी कुनै विशेष कारण परी स्वयंले जान चाहेमा केन्द्रमा वसेको अवधिभर लाग्न गएको सम्पूर्ण खर्चको क्षतीपूर्ति निजले तिरेर मात्र जान पाउने छन ।
१७ प्रशिक्षार्थीहरु तालिम अवधिसम्म तालिम केन्द्रमा नै अनिवार्य रुपमा बस्नु पर्नेछ । विदामा घर जान पाउने छैनन ।
१८ प्रशिक्षार्थीहरु केन्द्रको परिसर भन्दा वाहिर जानु पर्दा यस तालिम केन्द्रका आवासिय तालिमका प्रशिक्षकहरुसंग सोधेर मात्र जान पाईने छ ।
१९ प्रशिक्षार्थीहरुलाई महिनाको अन्तिम शुकवार स्थानिय अभिभावकले जिम्मा लिएर जान सक्ने र आईतवार कक्षा संचालन हुनु भन्दा अगाडि तालीममा उपस्थित गराईदिनु पर्ने छ ।

अभिभावकको हस्ताक्षर

प्रशिक्षार्थीको हस्ताक्षर